"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७८/७९-१३०

मिति २०७८/०९/०१

श्री सम्पुर्ण महानगरपालिका/उपमहानगरपालिका र नगरपालिकाहरु

**विषयः उपभोक्ता समिति सम्बन्धि परिपत्रको अवज्ञा सम्बन्धमा।**

प्रस्तुत सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १६० मिति २०७८।८।२१ को महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेखित "उपभोक्ता समितिबाट काम नगराउनु" भन्ने आशयको विषयलाई कार्यान्वयन गर्न भनि सबै स्थानीय तहको लागि जारी पत्र सच्याउनका लागि मिति २०७८/०८/२२ मा संयुक्त विज्ञप्ती मार्फत पत्राचार गरेकोमा मन्त्रालयबाट कुनै प्रतिक्रिया नआएको हँदा र पुन मिति २०७८/०८/२८ मा बसेको यस संघको सचिवालयको बैठकको निर्णय बमोजिम ३ (तिन) दिनभित्र उक्त निर्णय खारेज गर्नका लागि समेत पत्राचार गरिसकेको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) ले सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मुल्यको आधारमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागि गराई गर्न सक्ने व्यवस्था गरेको छ। सोही ऐनको नियमावली २०६४ को नियम ९७ ले रु. १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा वा त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ। केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन) को दफा ४७ को उपदफा (३) ले संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी अधिकार स्वयम् स्थानीय तहलाई प्रदान गरिसकेको सन्दर्भमा उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधान संघीयता र बर्तमान संविधानको मर्म र भावना विपरित भएको देखिन्छ।

तसर्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको परिपत्र सोही व्यवस्थालाई कार्यान्वयन गर्न भनि गरिएको परिपत्र विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था र संघीयताकै मर्मत विपरित रहेको छ। नगरपालिका तथा गाउँपालिका विधायीकी तथा कार्यकारी अधिकार सहित संचालीत र आफ्नो अधिकारक्षेत्रभित्र आफैं कानुन बनाउन पाउने अधिकार प्राप्त भएको हुँदा उक्त परिपत्रको पालना नगर्न/नगराउन सबै नगरपालिकाहरुमा हार्दिक अनुरोध गर्दै संबैधानिक अधिकार र संघीयताको मर्ममाथि हुने प्रहार विरुद्ध एकताबद्ध भई कडा प्रतिवाद गर्न हार्दिक आह्वान गर्दछौं।

............................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष